बाइबलका
शिक्षाहरुको श्रृखला



बाइबलका मुख्य
सन्देशहरूको
बारमा स्व
अध्ययन
पाठ्यक्रम

# बाइबल हस्तपुस्तिका

# बाइबल
# हस्तपुस्तिका

बाइबलका मुख्य सन्देशहरूको बारेमा
स्व अध्ययन पाठ्यक्रम

Multi-Language Productions
Bringing the Word to the World

Original text produced by the Institutional Ministries Committee of the Commission on Special Ministries of the Wisconsin Evangelical Lutheran Synod

Copyright © 2003

Text adapted by Multi-Language Productions of the Wisconsin Evangelical Lutheran Synod

Printed in 2003

All cover and black and white illustrations are the work of Glenn Myers. Rights to Glenn Myers' illustrations reserved by Northwestern Publishing House.

Scripture taken from "The Holy Bible" Nepali (New Revised Version) © Nepali Bible Society 2002.

Book 2

ꕥ

# सूचीपत्र


यस पुस्तकको विषयमा ....................................१

अध्याय १: बाइबल के हो? ....................................३

अध्याय २: बाइबल किन धेरै महत्वपूर्ण छ? .................. १७

अध्याय ३: बाइबल कसरी लेखियो? ........................ २९

अध्याय ४: मैले बाइबल कसरी प्रयोग गर्ने? .................. ३९

शब्दकोष .................................................. ५५

समाप्ति ................................................. ५७

अध्याय परिक्षाको उत्तरहरू .................................. ५८

अन्तिम परिक्षा ............................................ ५९

# ०४ यस पुस्तकको विषयमा

यो पुस्तक बाइबलको हस्तपुस्तिका हो। यसले तपाईलाई बाइबलका भागहरू, यसलाई कसले लेख्यो? यसका भागहरूलाई कसरी संगै मिलाइयो? र यसलाई कसरी संगै मिलाइयो? आदि सम्पूर्ण कुराहरूको बारेमा बताउनेछ।

यसका प्रत्येक अध्याय सानो ताराले संकेत* गरेको पाठको लक्ष्यहरू बाट सुरूहुन्छ।। ती लक्ष्यहरूले तपाईलाई त्यस अध्यायमा तपाई के सिक्दै हुनुहुन्छ? भन्ने कुरा देखाउछ त्यसपछि तपाईले केही पंक्तिहरू पढ्नु हुनुहुनेछ र केही प्रश्नको उत्तर पनि पढ्नु हुनेछ।

प्रत्येक अध्यायको अन्त्यमा परिक्षा पत्र छ। यदि तपाईले होसियार संग अध्यायको अध्ययन गर्नु भएकोछ भने अनि प्रश्नहरूको उत्तर दिनु भयो भने तपाईले कनै कठिनाई बिना परिक्षा प्रश्नका उत्तर लेख्न सक्नु हुनुहुन्छ। जब तपाईले एउटा प्रश्न समूहको उत्तर लेखेर सिद्धाउनुहुन्छ। तपाईलाई पेज संख्या दिएकोछ। जहाँ तपाईले आफ्ना प्रश्नहरूको उत्तर जाँच्न सक्नु हुनेछ। यदि तपाईले पेजमा फर्काउनु भयो भने तपाईले त्यस पेजको सबै भन्दा तल उत्तरहरू पाउनु हुनेछ। तपाईका उत्तरहरूलाई होसियारी साथ जाँच्न होस र तपाईले उत्तर लेख्दा कुनै गल्ती गर्नु भएकोछ भने सच्याउनुहोस। निश्चय गर्नुहोस अघाड़ीको अध्यायहरू पढ्नु भन्दा पहिले सवै प्रश्नहरू सम्झीराख्न निश्चित हुनु होस।

यस पुस्तकको अतंमा त्यहाँ एउटा अन्तिम परिक्षाहरू छ। यो अन्तिम परिक्षा पूरागर्न भन्दा पहिले प्रत्येक अध्यायका परिक्षाहरू एक पटक अध्ययन गर्नुहोस। जब तपाईले अन्तिम परिक्षा पूरा गर्नु हुन्छ। तपाईले त्यो व्यक्ति कहाँ फर्काइ दिनु सक्नु हुन्छ जसले तपाईलाई यो पुस्तक दिनुभयो। अथवा यस पुस्तकको पछाडी कबरमा दिईएको ठेगानामा पत्राचार गर्न सक्नु हुन्छ।

परमेश्वरले तपाईलाई उहाँको बचन सिक्नुमा धेरै सहायता गरून।

*अध्याय एक*

# बाइबल के हो?

तपाईले आफ्नो प्रत्येक दिनको समय कसरी बिताउनु हुन्छ? केही समय सुत्नमा बिताउनु हुन्छ, अरू समय काम गर्न, पत्र लेख्नुमा और खेलकुदमा बिताउनु हुन्छ। धेरैले किताबहरू और पत्रपत्रिकाहरू पढ्‌दछन्, और टेलिभिजन हेर्दछन्, तर टेलिभिजनका कार्यक्रमहरू र पत्रपत्रिकाहरू प्राय जसो हिंसापूर्ण और अनैतिक यौन सम्वन्धी कुराले भरिपूर्ण हुन्छुन्। यस्ता दुष्ट कुराले एउटा व्यक्तिलाई उत्तेजित र कामुक बनाउछ। यो सबै कार्यकलापहरूले समय बिताउनमा मद्धत गर्दछन्। तर अंतमा यी कुराले आनन्द दिन सक्दैनन्। यी कुराहरूले तपाईको जीवनमा शान्ति र पूर्ण सन्तुष्टि ल्याउन सक्दैनन्।

तर त्यहाँ केही पुस्तकहरू छ। जसले शान्ति ल्याउन सक्दछ। बाइबल एउटा महत्वपूर्ण छ सायद तपाईले बाइबल पहिलावाट नै चुन्नु भयोहोला र केही कुरा पढ्नु भयो होला। अनि हुनसक्छ, तपाई निरास पनि हुनुभयो होला र त्यसलाई पढ्न् छोडिदिनु भएको होला। बाइबल देख्नुमा ठूलो र बुझ्नु कठिन जस्तो लाग्छ, तर यो देखिने जस्तो कठिन छैन्। जब तपाईले यो खण्ड समाप्त गर्नुहुन्छ, तपाई योग्यको हुनुहुनेछ।

* बाइबलको दुई प्रमुख भागहरूको नाम;

* पुरानो नियममा तीन प्रकारका पुस्तकहरूको नाम; र

* नयाँ नियममा तीन प्रकारका पुस्तकहरूको नाम।

परमेश्वर संग मानिसहरूलाई बाड़न एउटा महत्वपूर्ण समाचार छ। त्यो समाचार हामी बाइबलमा पाउँदछौ। परमेश्वर हामीहरू संग बाइबल द्वारा बोल्नुहुन्छ। बाइबल परमेश्वरको बचन हो।

अर्को अर्थमा बाइबल एउटा पुस्तकालय जस्तै हो। किनकि बाइबलमा एक भन्दा बढी पुस्तकहरू छन्। बाइबल ससाना पुस्तकहरूको संग्रह हो, जने बिभिन्न व्यक्ति द्वारा भिन्न भिन्न समयमा लेखिएको हो। "बाइबलको" अर्थ यूनानी भाषामा "पुस्तकहरू" भन्ने हुन्छ।

१. परमेश्वर हामीसित जुन पुस्तकद्वारा बोल्नुहुन्छ त्यसलाई हामी ........................................ भन्दछौ।

२. बाइबल बास्तमा संग्रह गरेको ............................... हो।

(पेज नं ६ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

बाइबल ६६ वटा स-साना पुस्तकहरू मिलेर बनेको पुस्तक हो। ती स-साना पुस्तकहरूलाई दुई वटा ठूला-ठूला समूहमा बिभाजन गरिएको छ। पहिला समूह जस्मा ३९ वटा पुस्तकहरू छन्, त्यस लाई पुरानो नियम भनिन्छ र दोस्रो समूह जसमा २७ वटा पुस्तकहरू छन्, त्यसलाई नयाँ नियम भनिन्छ। पुरानो नियमका सम्पूर्ण पुस्तकहरू येशू प्रभु जन्मनु भन्दा अघाडी लेखिएका हुन् र नयाँ नियमका सम्पूर्ण पुस्तकहरू येशू प्रभुको जन्म भएपछि लेखिएका हुन्।

३. बाइबलमा ६६ वटा स साना ..................... सम्मिलित छन्।

४. यी पुस्तकहरू दुई समूहमा बिभाजित गरिएका छन्। १ ..................... नियम र २ ....................... नियम।

५. पुरानो नियमका ३९ वटा पुस्तकहरू येशू जन्मनु भन्दा ......................... लेखिएका हुन्।

६. नयाँ नियमका २७ वटा पुस्तकहरू येशू जन्मनु भन्दा ......................... लेखिएका हुन्।

(पेज नं ८ को सबभन्दा तल हेरी तपाई को उत्तर जाँच्नुहोस।)

यस चित्रहरूमा हेर्नु होस। यिनीहरूले बाइबललाई दुईवटा अल्मारीहरूमा राखिएको पुस्तक जस्तै हेर्न मद्दत गर्दछ। एउटा अल्मारीमा पुरानो नियमको पुस्तकहरू नियन्त्रित छन् र अर्कोमा नयाँ नियमको पुस्तकहरू नियन्त्रितहरू। प्रत्येक अलमारीमा तीन वटा खण्डहरू छन् र प्रत्येक खण्डले बिभिन्न प्रकारका पुस्तकहरू नियन्त्रित गर्छ।

७. बाइबल दुईवटा ....................................... जस्तै हो।


८. पहिलो अल्मारीमा ................................................ पुस्तकहरू राखिएका छन्।

९. दोस्रो अल्मारीमा ................................................... पुस्तकहरू राखिएका छन्।

१०. प्रत्येक अल्मारीहरूमा ............................ वटा खण्ड छन् र प्रत्येक खण्डमा बिभिन्न प्रकारका ...................... छन्।

(पेज नं ८ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

| ? | पेज नं ५ को उत्तरहरू: १. बाइबल; २. पुस्तक। |
| --- | --- |




पुरानो नियममा पाईने तीन प्रकारका पुस्तकहरूमा इतिहासका पुस्तकहरू, काव्यशास्त्रका पुस्तकहरू र भविष्यवक्ताका पुस्तकहरू छन्। आलमारीको पहिलो खण्डमा पुरानो नियमका प्रथम १७ वटा पुस्तकहरू छन्। (उत्पत्ति देखि एस्तर सम्म)। यिनीहरू सबै ऐतिहासिक पुस्तकहरू हुन्। ती पुस्तकहरूले बितेको समयका

महत्वपूर्ण तथ्यहरूको बारेमा हामीलाई बताउँछ। ती पुस्तकहरूमा हामी परमेश्वरले कसरी संसारको सृष्टि गर्नुभयो? र आफ्ना प्रजाहरूलाई कसरी अगुवाई गर्नुभयो? भन्ने बारेमा पढ्छौ। ती पुस्तकहरूले हामीलाई यो पनि बताउँछ कि कसरी संसारमा खराब आयो? र परमेश्वरले संसारमा पापीहरूलाई बचाउन मुक्तिदाता पठाउन गर्नुभएको प्रतिज्ञाको बारेमा पनि हामीलाई बताउछ।

आलमारीको दोस्रो खण्डमा पाँचवटा पुस्तकहरू छन्। (अय्यूब देखि श्रेष्ठगीत सम्म)। यी सबै काव्यशास्त्रका पुस्तकहरू हुन। यी पुस्तकहरूमा परमेश्वरको प्रशंसाको निम्ति पद्य र भजनहरू सम्मिलित छन्। यी पुस्तकहरूमा अति प्रसिद्ध कविताक पुस्तक भजनसंग्रहको पुस्तक हो।

तेस्रो खण्डमा पुरानो नियममा रहेको १७ वटा पुस्तकहरू छन् (यशैया देखि मलाकी सम्म)। यी सबै पुस्तकहरू भविष्यवाणीका पुस्तक हुन्। भविष्यवक्ता त्यो व्यक्ति हो जुन अगुवाइबाट उहाँको संदेस वोल्दछ भविष्यवाणीको पुस्तकहरूमा हामी परमेश्वरले आफ्ना मानिसहरूका लागी दिनुभएको सन्देसको बारेमा पढ्दछौ। एक समय परमेश्वरको सन्देस यो थियो कि उहाँको बिरूद्धमा गरिएका दुष्ट कामको लागी आफ्ना प्रजा अवश्यनै दण्डित हुनछन्। तथापी उहाँले यो पनि प्रतिज्ञा गर्नुभयो कि उहाँले उद्धारकर्ता पठाउनु हुनेछ। जसले मानिसहरूलाई खरावी शक्ति र दासत्व अनि मृत्युबाट अनन्तका लागी छुटकारा दिनुहुनेछ।

?

पेज नं ५-६ को उत्तरहरू: ३. पुस्तकहरू; ४. पुरानो, नया; ५. अघाडी; ६. पछाडी; ७. आलमारी; ८. पुरानो नियम; ९ नयाँ नियम; १०. ३. पुस्तकहरू।

११. पुरानो नियम का तीन प्रकारका पुस्तकहरूमा ..................... पुस्तकहरू ..................... पुस्तकहरू र ..................... पुस्तकहरू हुन्।

१२. पुरानो नियममा .................. पुस्तकहरूले हामीलाई बितेको समयका महत्वपूर्ण कुराहरू बताउछ।


१३. ............... का पुस्तकहरूमा भजनसंग्रह र श्रेष्ट गीतहरू छन्।

१४. .................... पुस्तकमा परमेश्वरले आफ्ना मानिसहरूलाई दिनुभएको सन्देसहरू समावेस छन्

१५. पुरानो नियममा परमेश्वरले .................... पठाउने प्रतिज्ञा गर्नुभयो जसले मानिसहरूलाई पाप र मृत्युवाट ..................... दिनेछ।

(पेज नं १० को सवभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

त्यहाँ नया नियममा पनि तीनवटा पुस्तकहरू राख्ने अलमारीहरू छ। प्रत्येक अलमारीहरूमा विभिन्न किसिमका पुस्तकहरू राखिन्छ। तीन प्रकारका नया नियमा पुस्तकहरू इतिहासका पुस्तकहरू, पत्रहरूका पुस्तक अनि एउटा भविष्यवाणीको पुस्तक।




| ? | पेज नं ९ को उत्तरहरू: ११. ऐतिहासिक, काव्यशास्त्र र भविष्यवाणी; १२. ऐतिहासिक; १३. काव्यशास्त्र; १४. भविष्यवाणी; १५. उद्धारकर्ता, स्वतन्त्र । |
|---|---|

नयाँ नियमका पहिला ५ वटा पुस्तकहरू ऐतिहासिक पुस्तकहरू हो। पहिला ४ वटा पुस्तकहरू (मत्ति, मर्कूस, लूका र यूहन्ना) जसलाई सु-समाचारको पुस्तकहरू पनि भनिन्छ। सु-समाचारले हामीलाई येशूको जीवनको बारेमा बताउछ। पाँचौ ऐतिहासिक पुस्तक प्रेरितहरूको पुस्तकले हामीलाई ईसाई मण्डलीको पहिलो वर्षहरूको बारेमा बताउछ।

नयाँ नियमका दोस्रो खण्डका पुस्तकहरू पत्रहरू हो। (काही प्रेरित को कार्य पनि भनिएको छ।) तीन पत्रहरू प्रायजसो कुनै व्यक्ति अथवा मानिसहरूको समूहलाई पठाइएका पत्रहरूहुन्। नयाँ नियममा २१ वटा पत्रहरू छन्। (रोमी देखि यहूदा सम्म)। पावल नामका एकजना व्यक्तिले १३ वटा पत्रहरूलेखे (रोमी देखि फिलेमोनसम्म)।

बाइबलको अन्तिम पुस्तक (प्रकाश) भविष्यवाणीको पुस्तक हो। प्रकाशको पुस्तकमा परमेश्वरको शैतान माथीको अन्तिम विजय र स्वर्गमा उहाँको अनन्तको राज्यको बारेमा हामीलाई बताउन दार्शनिक भाषाको प्रयोग भएकोछ।

१६. नयाँ नियमका तीन प्रकारका लेखकहरू ......................., ............................... र............................... पुस्तकहरू हो।

१७. नयाँ नियमका पहिलो पाँचवटा पुस्तकहरू ................. र पुस्तकहरू हो।

१८. पहिला चारवटा पुस्तकहरूलाई ..................... पुस्तक पनि भनिन्छ। तिनीहरूले ................. जीवनको इतिहासको बारेमा बताउछन्।

१९. नयाँ नियमका दोस्रो प्रकारका पुस्तकहरूमा
...................... पत्रहरू छन्। जुन एक व्यक्ति वा व्यक्तिहरूको समूहलाई लेखिएका हुन्।

२०. नयाँ नियममा लेखिएका पत्रहरूमध्ये १३ वटा पत्रहरू .................. द्वारा लेखिएको पाईन्छ्।

२१. नयाँ नियममा भएको तेस्रो प्रकारको पुस्तक ................ पुस्तक हो।

२२. नयाँ नियमको तेस्रो आलमारीमा भएको एकमात्र पुस्तक ................... पुस्तक हो।

(पेज नं १३ को सबभन्दा तल हेरी तपाईंको उत्तर जाँच्नुहोस।)

# अध्याय एक को समालोचना

परमेश्वर हामीहरू संग पुस्तकद्वारा बोल्नुहुन्छ जसलाई हामी बाइबल भन्दछौ। बाइबलमा ६६ वटा ससाना पुस्तकहरूले वनिएका छन्। जसलाई हामी दुईवटा आलमारीको रूपमा हेर्न सक्दछौ। पहिली आलमारी पुरानो नियम हो। यो येशू जन्मनु भन्दा पहिले लेखिएका पुस्तकहरू थियो। यसका तीन खण्डहरूमा ऐतिहासिक, काव्यशास्त्र र भविष्यवाणीका पुस्तकहरू छन्। दोस्रो आलमारी नयाँ नियम हो। यसमा येशूको जन्म भएपछि लेखिएका पुस्तकहरू धारण गर्छ। यसका तीन खण्डहरूमा हामी ऐतिहासिक पुस्तक, पत्रहरू र एउटा भविष्यवाणीको पुस्तक पाउंछौ।

?

पेज नं ११-१२ को उत्तरहरू: १६ इतिहास, पत्रहरू र भविष्यवाणी; १७. ऐतिहासिक; १८. सु-समाचार, येशु; १९. पत्रहरू; २०. पावल; २१. भविष्यवाणीको; २२. प्रकाश।

# *अध्याय एक को जाँच*

१.पेज न ˙ १५ र १६ मा भएका आलमारीहरू र ताकहरू बाइबलको आलमारी स्थान नाम लेख।

तल दिईएको सूचिबाट ठिक उत्तर छानेर खालीठाउँ भरा।

| | |
|---|---|
| ***पत्रहरू*** | ***भविष्यवाणी*** |
| ***पुरानो नियम*** | ***इतिहास*** |
| ***नयाँ नियम*** | ***काव्यशास्त्र*** |
| | ***सु-समाचार*** |

२. ................ मा भएका पुस्तकहरू येशू जन्मनु भन्दा अघाड़ी लेखिएका हुन्।

३. ................ मा भएका पुस्तकहरू येशूको जन्म भएपछि लेखिएका हुन्।

४. ................ का पुस्तकहरूमा भजनसंग्रह श्रेष्ठगीत र हितोपदेश पर्दछन्।


५. ................ का पुस्तकहरूमा बितेका समयमा भएको सच्चाई समावेस हुन्छ।


६. ................ का पुस्तकहरू, जसले हामीलाई येशूको जीवनको बारेमा बताउछन्।

७. ................ का पुस्तकहरूमा परमेश्वरको निर्णयशक्तिको सन्देस र प्रतिज्ञा गरिएको मुक्तिदाताके बारेमा हामीलाई बताइएकोछ।

८. ................ नयाँ नियममा मात्र हामी व्यक्तिगत वा समूहलाई लेखिएको .................... पाउंदछौ।

(पेज नं ५८ मा हेरी तपाईको उत्तर जाँच्नुहोस।)




नयाँ नियम
इतिहासका पुस्तकहरू
प्रेरितकोहरूका (पत्रहरू)
भविष्यवक्ताका पुस्तकहरू

*अध्याय दुई*

# बाइबल किन धेरै महत्वपूर्ण छ?

कहिलेकाही मानिस एक्लै रहनुपर्दछ। तिनीहरूका कुनै साथी वा सम्वन्धी हुदैनन्। तिनीहरूले धेरैकम मात्रामा अर्को मानिस संग भेटेघाट गर्न पाउँदछन्। जव् कुनै व्यक्ति भेटघाटको लागी आउँदछ। एक्लै रहने व्यक्तिको लागी त्यो दिन एकदमै विशेष दिन हुन्छ। जव उसले कसै वाट पत्र पाउँदछ उसलाई यस्तै लाग्छ। भेटघाट र पत्रहरूले यो देखाउँछ कि कसैले बाहिर बाटै त्यो व्यक्ति को बारेमा सोचिरहेकोछ र फिक्री गरिरहेको छ।

जब हामी बाइबल खोल्दछौ, यो परमेश्वरले आफै भेटघाट गरे अथवा पत्र पठाए जस्तै हो। बाइबलले हामीलाई बताउछ कि परमेश्वरले हाम्रो बारेमा फिक्री गर्नुहुन्छ र हामीलाई भुल्नुहुन्न। यस खण्डको अध्ययन् सकेपछि तपाई योग्यको हुनुहनेछ।

* बाइबलका मुख्य दुई शिक्षाहरूको नाम; र

* चिन्नु होस जब प्रत्येक शिक्षा प्रयोग गरिन्छ।

केही पुस्तकहरू मानिसले मन्मा राखेर सो अनुसार आचरण गर्नलाई लेखिएका छन्। अरू पुस्तकहरू मानिसलाई जीउनुको लागी आवश्यक दक्षता सिक्न मद्धत गर्नलाई लेखिएका हुन्। पुस्तकालयहरू हजारौ पुस्तकहरूले भरिएको हुन्छन्। बाइबल जो विशेष छ, अरू कुनै पनि पुस्तक बाइबल जस्तो विशेष छैन्। बाइबलमा परमेश्वर हामीहरू संग आफ्नै बारेमा र हामीहरूको बारेमा बोल्नुहुन्छ। बाइबलमा हाम्रो जीवनहरूलाई परिवर्तन गर्न सक्ने अचम्मको शक्ति छ।

बाइबलमा छल, बहाना बनाइएका बिश्वास दिलाउने खालका काल्पनिक कथाहरू गरिएका छैनन्। बाइबलले हामीलाई बास्तविक मानिसहरू र बास्तविक घटनाको बारेमा बताउछ जुन बास्तविक रूपमा घटेका छन्। बाइबलले हामीलाई स्वर्गमा अनन्त जीवन र नरकमा हुने अनन्त दण्डको बिचमा बास्तविक फरकको बारेमा बताउछ। बाइबलले कसरी अनन्त जीवन पाउन सकिन्छ भन्ने बारेमा सिकाउछ।

१. बाइबलमा मात्र .................... हामीहरू सित प्रत्यक्षरूपमा बोल्नुहुन्छ।
२. बाइबल ............................ बनाउने पुस्तक होईन्।

३. बाइबलले हामीलाई कसरी ........................ पाउने भन्ने सिकाउँछ।

(पेज नं २१ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

बाइबलका दुई प्रकारका शिक्षाहरूलाई व्यवस्था र सु-समाचार भनिन्छ। जब तपाई बाइबल पडनु हुन्छ, यो महत्वपुर्ण छ कि तपाईले व्यवस्था र सु-समाचारको बिच भिन्नता बुझ्नु अवश्यक छ।

व्यवस्थामा परमेश्वर मानिसहरूलाई के गर्नुहुन्छ? र के गर्नुहुदैन? भन्ने बारेमा बताउनुहुन्छ। व्यवस्थाले तिनीहरूको दण्डको बारेमा पनि बताउछ, जसले व्यवस्थाको पूरा पालन गर्दैनन्। बाइबलको दस आज्ञा व्यवस्थाका एकदमै राम्रा उदाहरण हुन्।

४. बाइबलको दुईप्रकारका मुख्य शिक्षाहरूमा ................ र ............................ हुन्।
५. व्यवस्थाले मानिसहरूलाई ..................... र ............................ भन्ने बारेमा सिकाउँछ।
६. व्यवस्थाले हामीहरूलाई के बताउँछ ........................ यदि जानले व्यवस्थालाई पूरा पालन गरेन भने।

(पेज नं २३ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

यहाँ बाइबलको केही खण्ड दिईएको छ, जसले हामी के गर्ने र के नगर्ने भन्ने बारेमा बताउछ। एउटाले दण्डको बारेमा बताउँछ, जुन

व्यवस्था पालन नगर्दा पाउने छन्। तिनीहरू परमेश्वरको भाग हुन्।

* तैले तेरा परमेश्वरलाई तेरो सारा हृदयले, तेरो सारा आत्माले र तेरो सारा समझशक्तिले प्रेमगर्नु।

* चोरी नगर्नू।

* जब तैले पाप गर्दस तैले पापको ज्याला मृत्यु पाउने छस।

यदि बाइबलको सम्पूर्ण खण्डहरू व्यवस्था भएको भए यसले हामीलाई परमेश्वर संग असाध्य डराउने बनाउने थियो। कसैले पनि सुखमय जिवनको आशा व्यवस्थामा पाउन सक्दैनन्। किनभने कसैले पनि परमेश्वरको व्यवस्था पूर्णरूपमा पालन गरेको छैन्। परिणाम स्वरूप कोही पनि परमेश्वरको आशिष खुशी को योग्य हुदैनन्।

तथापि व्यवस्थाले हामीहरूको लागी केही असल गरेकोछ। यसले हामीले गरेका कुकर्महरू देखाई दिन्छ। यसले यो पनि हामीलाई देखाउछ कि अनन्तको नरक बाट बचाउन हामीहरूलाई कसैको आवश्यकता छ।


७. ................. पालन गरेर परमेशवरसंग ............... पाउन सम्भव छैन्।

८. व्यवस्थाले हामीले गरेको .................. को बारेमा बताउछ।

(पेज नं २३ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

बाइबलमा अर्को प्रकारको शिक्षा पाईन्छ, जसलाई सु-समाचार भनिन्छ। जसको अर्थ हुन्छ "असल समाचार।" सु-समाचारले हामीलाई व्यवस्थाले जस्तै के गर्ने र के नगर्ने भन्ने कहिल्यै बताउदैन्। सु-समाचारले सधै परमेश्वरले हाम्रो लागि के गर्नु भयो भन्ने कुरा बताउछ। सु-समाचारको सन्देस हाम्रो लागि तलको खण्डमा छोटकारीमा दिइएको छ।

| | |
|---|---|
| ? | पेज नं १८-१९ को उत्तरहरू: १. परमेश्वर; २. विश्वास; ३. अनन्त जीवन। |



येशूले सबै मानिसहरूका पापको निम्ति दुःख भोग्नुभयो र मारिनु भयो।

* किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो ताकि उहाँमाथी विश्वास गर्ने कोहि पनि नाश नहोस, तर त्यसले अनन्त जीवन पाओस्।

यो सम्झन् पर्दछ कि हामीले अहिले सिकेको सु-समाचार भन्ने शब्द दुई प्रकारले प्रयोग भएको छ। पहिलो खण्डमा हामीले नयाँ नियममा भएका चारवटा पुस्तकहरू बारे सिक्यौ, जसले येशूको जीवनको बारेमा बताउँछ। ती पुस्तकहरूलाई सु-समाचारको पुस्तक भनिन्छ। किनभने येशूको जीवन नै असल समाचार हो। अहिले हामीले बाइबलको धेरै भागमा परमेश्वरले हामीलाई बचाउन को निम्ति हाम्रो लागी के गर्नु भयो? भन्ने कुरा सिक्यौ। यो सबै भागहरू हाम्रो लागी असल समाचार हुन्। यसकारण यीनिहरूलाई पनि "सु-समाचार" भनिन्छ।

परमेश्वरले हाम्रो लागी के गर्नुभयो भन्ने कुरा सु-समाचारले बताउछ। यसले बाइबललाई अचम्मको पुस्तक बताउछ। सु-समाचारले बताउछ कि हाम्रो मुक्तिदाता को हुनुहुन्छ? येशू ख्रिष्ट सु-समाचारले हाम्रो मुक्तिदाताको हुनुन्छ भन्ने कुरा देखाउछ र यसले यो पनि देखाउछकि तिनीहरूले जे गरे पनि परमेशवरले मानिसहरूलाई प्रेम गनुहुन्छ। हो, सु-समाचारले बताउछ कि येशूले परमेश्वरको व्यवस्था पुर्णरूपमा पालन गर्नुभयो र सबै मानव जातिलाई बचाउन मर्नुभयो। दुईबटा मुख्य बाइबलका शिक्षाहरू

| ? | पेज नं १९-२० को उत्तरहरू: ४. व्यवस्था, सु-समाचर; ५. गर्नुपर्छ, गर्नुहुदैन; ६ दण्ड। पेज नं २०-२१ को उत्तरहरू: ७ शान्ति, व्यवस्था; ८. खराव; कसैले हामीलाई बचाउछ। |
|---|---|

व्यवस्था र सु-समाचार नयाँ नियम र पुरानो नियम दुवै पुस्तकको धेरै ठाउँमा पाईन्छ।

९. बाइबलका दुईवटा मुख्य शिक्षाहरू व्यवस्था र ............ हुन्।

१०. सु-समाचारको अर्थ .................................. हो।

११. "सु-समाचार" भन्ने शब्द बाइबलका चारवटा पुस्तकहरूमा प्रयोग भएको छ। जसले ...................... को जीवन कथाको बारेमा बताउछ।

१२. "सु-समाचार" शब्द बाइबलको सबै भागको लागी पनि प्रयोग भएको छ। जसले ती असल चीजहरूको बारेमा बताउछ, जुन परमेश्वरले गर्नुभयो।

१३ व्यवस्थाले हाम्रो ....... देखाउछ र सु-समाचारले हाम्रो ..... को भन्ने देखाउछ।

(पेज नं २५ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

# *अध्याय दुईको समालोचना*

बाइबलमा परमेश्वर हामीहरूसंग प्रत्यक्ष रूपमा बोल्नहुन्छ। बाइबल मुख्य दुई प्रकारका शिक्षाहरूमा सम्मिलित छन्, व्यवस्था र सु-समाचार। व्यवस्थाले बताउँछ परमेश्वर चाहनुहुन्छ हामीहरूलाई के गर्नु के नगर्नु। यसले हाम्रा पापहरू देखाउछ। यसले हामीलाई बताउँछ कि यदि हामीले पूर्णरूपमा परमेशवरको आज्ञा पालन गरेनौ भने उहाँले निश्चयनै दण्ड दिनुहुन्छ। सु-समाचार असल समाचार हो। यसले हामीलाई बचाउन् परमेश्वरले गर्नुभएका सम्पूर्ण प्रतिज्ञाहरूको बारेमा बताउँछ। यसले हामीलाई पापबाट छुटकारा दिने उद्धारकर्ता देखाउछ। "सु-समाचार" शब्द नयाँ नियमका चारवटा पुस्तकहरूको लागी पनि प्रयोग भएको छ, जसले येशूको जीवन कथाको बारेमा बताउँछ।

?

पेज नं २४ को उत्तरहरू: ९. सु-समाचार; १०. असल समाचार; ११. येशू; १२. हाम्रो लागी मर्नुभयो; १३. पापहरू, उद्धारकर्ता।

# अध्याय दुईको जाँच

१. बाइबलका मुख्य दुई प्रकारका शिक्षा

............................ र ...................................

छन्।

जुन उतर ठिक छ गोलो घेरा लगाउनुहोस।

२. क) व्यवस्था हामीलाई कसरी उद्धार पाउछौ भन्ने देखाउन् आवश्यक छ।

ख) हामीलाई व्यवस्था हामीले गरेका कुकर्मलाई देखाउन आवश्यक छ।

३. क) सु-समाचारले हामीलाई हाम्रो उद्धारकर्ता देखाउछ।

ख) सु-समाचारले ईसाई जीवन कसरी जीउने भन्ने देखाउछ।

४. क) व्यवस्था पुरानो नियममा मात्रै पाईन्छ र सु-समाचार नयाँ नियममा मात्रै पाईन्छ।

ख) व्यवस्था र सु-समाचार दुबै बाइबलका विभिन्न भागमा पाईन्छ।

५. क) बाइबल अरू विभिन्न धर्मका पुस्तकहरू जस्तै हो।

ख) बाइबलले हामीलाई परमेश्वरको बारेमा सत्यता बताउछ।

तलका वाक्यहरूको पछाडी व्यवस्था भए (व्य) र सु-समाचार भए (सू) लेख।

..... ६. पवित्र होओ, जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता पवित्र हुनुहुन्छ।

..... ७. परमेश्वरले तपाईलाई अनन्त जीवनको बरदान दिनुभएको छ।

..... ८. तिम्रा पापहरू क्षमा गरिएका छन्।

..... ९. अरू संगै पापमा सहभागी नहोओ, आफैलाई पवित्र तल्याओ।

..... १०. ख्रीष्ट सबै समयको पापको लागी एकचोटी मर्नुभयो उहाँ तपाईलाई परमेश्वरमा ल्याउनका लागी मर्नुभयो।

(पेज नं ५८ मा हेरी तपाईको उत्तर जाँच्नुहोस।)



येशूले जक्कैको घरमा आउन चाहनुभएको देखेर उ धेरै खुसीभयो।

*अध्याय तीन*

# बाइबल कसरी लेखियो?

धेरै मानिसहरू महान कथाकार छन्। केहीले ती कथाहरूलाई कुनै दिन प्रकासित गर्ने आशाले लेख्दछन्। तर के तपाई सुनेका सबै कथाहरूमा विश्वास गर्नु हुन्छ? धेरै कथाकाहरूले यथार्थता सम्झदैनन्। अरूले आफैलाई असल देखाउन कथाको आशय परिवर्तन गर्दछन्।

परमेश्वरले उहाँको कथा हामीलाई बाइबलमा बताउनुहुन्छ। उहाँले ती कथाहरूलाई लेख्न मानिसहरूको प्रयोग गर्नुभयो। तर उहाँले यो निश्चय गर्नुभयो उहाँको कथाको पुस्तकहरूले सत्य भनिरहेको छ। बाइबलमा कुनै परिवर्तन तथा गल्तीहरू पाईदैनन्। यसकारण बाइबल अध्ययन गर्नको लागी हाम्रो निम्ति यति धेरै महत्वपूर्ण

पुस्तक छ। यस अध्यायको अध्ययन अन्तमा तपाई योग्यको हुनुहुन्छ।

* भन्नुहोस किन बाइबललाई परमेश्वरको वचन भनिन्छ?

* भन्नुहोस क्रिया पदिय अनि स्वासप्रस्वास को अर्थ के हो?

* भन्नुहोस कुन कुन भाषाहरूमा पुरानो र नयाँ नियमहरू लेखियो?

भविष्यवक्ता त्यो हो जो परमेश्वरको लागी बोल्दछ। पुरानो नियम पुस्तकका लेखकहरू प्रायजसो भविष्यवक्ताहरू भनिन्छ। यी भविष्यवक्ताहरूले परमेश्वरको वचन लेख्नुको साथै यिनीहरूले समय समयमा उद्धारकर्ताको आगमन र सु-समाचारका सत्यहरू पनि बोलेका थिए। पुरानो नियमका भविष्यवक्ताहरूले यिनीहरूको पुस्तक हिब्रु भाषामा लेखे। किनकि ती दिनहरूमा परमेश्वरका जनहरूको भाषा हिब्रु थियो।

१. येशूको जन्म भन्दा पहिले ....... भनिने मानिसहरूले पुरानो नियम लेखे।
२. भविष्यवक्ताहरूले पुरानो नियम ..... भाषामा लेखे।

(पेज नं ३३ को सवभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

येशूका मित्रहरू र उहाँलाई पछ्याउनेलाई चेलाहरू भनिन्थ्यो। नयाँ नियमको पुस्तक येशूका केही चेलाहरूले लेखे। ती चेलाहरूले नयाँ नियम यूनानी भाषामा लेखे किनकि त्यस समयमा यूनानी भाषा संसारको धेरै ठाउमा प्रयोग हुन्थ्यो।

आज हामी धेरै जसोले यूनानी भाषा जान्दैनौ। त्यसै कारण ईसाईहरूले पुरानो र नयाँ नियमको हिब्रु र यूनानी शब्दहरूलाई अंग्रेजी, स्पेनिस और अन्य भाषामा अनुवाद गरे। ताकि हामी सबैले बाइबल बुझ्न सकौ।

३. येशूलाई पछयाउनेहरूलाई उहाँको ............................ भनिन्छ।

४. येशूका केही चेलाहरूले ............................ नियम लेखे।

५. चेलाहरूले नयाँ नियम ............................ भाषामा लेखे।

६. आज हामीले प्रयोग गर्ने बाइबल ........................ अथवा ................................ र अन्य भाषामा अनुवाद गरिएको हो।

७. भविष्यवक्ताहरूले ........................ भाषा प्रयोग गरे, जव उनिहरूले पुरानो नियम लेखे

८. येशूका चेलाहरूले ........................ भाषा प्रयोग गरे, जव उनीहरूले नयाँ नियम लेखे।

(पेज नं ३४ को सवभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

बाइबलका सबै पुस्तकहरू विशेष छन्। हामीले भर्खरै सिक्यौ कि ती मानिसहरू जो अगमवक्ता र चेलाहरू थिए। उनिहरूले यी पुस्तकहरू लेखे। अर्को अर्थमा हामी भन्न सक्छौ एउटै व्यक्तिले सवै बाइवल लेखे। त्यो व्यक्ति परमेश्वर आफै हुनुहुन्छ।

बाइबलले भन्छ कि परमेश्वरको पवित्र आत्माले नै भविष्यवक्ता र चेलाहरूलाई के तिनीहरूले बोल्नु पर्छ र लेख्नु पर्छ वनाउनु भयो। यस प्रकार परमेश्वरले भविष्यवक्ता र चेलाहरूलाई (प्रेरित पनि भनिन्छ) ठीक शब्द लेख्न निश्चित बनाउनु भयो जस्तो उहाँ बाइबलमा चाहनुहुन्थ्यो। यसकारणले बाइबल क्रियापदिय स्वासप्रस्वास हो भन्न सक्छौ।

यसको मतलब बाइबलका प्रत्येक शब्द परमेश्वरबाट आएका हुन। क्रियापदिय स्वासप्रस्वासको अर्थ स्वासप्रस्वासमा हुनु हो। परमेश्वरले उहाँको शब्द ती मानिसहरूमा हालीदिनु भयो, जसले बाइबल लेखे। क्रियापदियको अर्थ शब्द शब्दहो। परमेश्वरले उहाँको बिचार मात्र  हाल्नु भएन्। उहाँले उहाँको दुरूस्त शब्द हामीलाई प्रश्वास गरि दिनु भयो। यसरी बाइबल क्रियापदिय श्वासप्रश्वास हो। यो साच्चै नै परमेश्वरको शब्द हो।

९. हामी भन्न सक्छौ कि ...................... व्यक्तिले वाइवलका सम्पूर्ण पुस्तकहरू लेखेका हुन्। त्यो व्यक्ति .................. हुनुहुन्छ।

१०. पवित्रआत्माले भविष्यवक्ता र केही चेलाहरू (प्रेरित) लाई बाइबलमा के ....................... भन्नुभयो।

११. ती दुई शब्द .................. को अर्थ बाइबलमा भएका प्रत्येक शब्द परमेशवरका हुन भन्ने हो।

१२. यसै कारण बाइबलाई .................. को ................ भनिन्छ।

(पेज नं ३४ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

त्यो भन्न गलत हो कि बाइबलमा परमेश्वरको बचनमात्र सम्मिलित छ। एउटा शहरबाट निस्कने परनाला पानी हुन्छ तर कसैले पिउन सक्दैन। परनाला पानीको साथ साथै दुषित र हानीकारक तत्वहरू पनि मिसिएका हुन्छन्। जव शुद्ध पानी र दुषित पानीको मिसावट हुन्छ, तब शुद्ध पानी पनि फोहरमा परिणत हुन्छ।

बाइबलमा परमेश्वरको बचन मात्र सम्मिलित गरिएका छैनन्। बाइबल नै परमेश्वरको वचन हो। यो पवित्र छ र यसमा कुनै प्रकारको अशुद्धता मिसिएको छैन्। परमेश्वर आफैले यसमा कुनै गल्ती नभएको ठीक बनाउन भयो। परमेश्वर झुटो बोल्नुहुन्न्। हामी निश्चित हुन सक्छौ कि बाइबलका शब्द सत्य छन। हामी बाइबलले भनेका सबै कुरामा विश्वास गर्न सक्छौ।

| ? | पेज नं ३० को उत्तरहरू: १. भविष्यवक्ता; २. हिब्रू। |
|---|---|

१३. बाइबल परमेश्वरको ......................... हो।

१४. बाइबलमा कुनै गल्ती ...................... ।

१५. बाइबलले भनेको सम्पूर्ण कुरा ........ हो।

(पेज नं ३७ को सबभन्दा तल हेरी तपाईंको उत्तर जाँच्नुहोस।)

| ? | पेज नं ३१ को उत्तरहरू: ३. चेलाहरू; ४. नया; ५. यूनानी; ६. अंग्रेजी, स्पेनिस; ७. हिब्रू; ८. यूनानी। |
|---|---|

# अध्याय तीन को समालोचना

येशू जन्मनु भन्दा पहिले भविष्यवक्ताहरूले परमेश्वरको बचन मानिसहरू संग बोल्दथे। ती भविष्यवक्ताहरूले पुराने नियम हिब्रु भाषमा लेखे। येशूका केही चेलाहरूले नयाँ नियम युनानी भाषामा लेखे। हामी बाइबलका अनुवाद गरिएका अंग्रेजी वा अन्य भाषाका पुस्तकहरू प्रयोग गर्दछौ।

धेरै विभिन्न भविष्यवक्ता र चेलाहरूले बाइबलका पुस्तकहरू लेखे। तर परमेश्वर बाइबलको वास्तविक लेखक हुनुहुन्थो। उहाँले मानिसहरूलाई आफूले भन्नु भएको जस्तो समाचार ठीक शब्दमा लेख्न भन्नु भयो। यसकारण हामी बाइबललाई क्रियापदिय स्वासप्रस्वास र यो परमेश्वरको बचन भन्दछौ यसै कारण यस बाइबलमा कुनै प्रकारको गल्ती छैन। यो सबै साचो छ। यसले भनेका सम्पूर्ण कुराहरू विश्वासयोग्य छन्।

# *अध्याय तीन को जाँच*

भन्नु होस पहिलो भागमा भएको शब्दहरूको अर्थ के हो। दोस्रो भाग बाट शब्दहरू लिएर पहिलो स्थानमा भर्नु होस।

| | |
|---|---|
| ...... १. क्रियापदिय | क. बाइबलको अर्को नाम। |
| ...... २. प्रेरित | ख. शब्द अधि शब्द। |
| ...... ३. चेलाहरू | ग. ती मानिसहरू जसले नयाँ नियमको पुस्तकहरू लेखे। |
| ...... ४. परमेश्वर | घ. स्वासप्रस्वास |
| ...... ५. परमेश्वरको बचन | ङ. सम्पूर्ण बाइबलको लेखक |
| ...... ६. भविष्यवक्ता | च. ती मानिसहरू जसले पुरानो नियमको पुस्तकहरू लेखे। |

तलको वाक्यमा दुईवटा शब्दहरू मुनि धर्को तानिएको छ ती शब्दहरूलाई गोलो घेरा लगाउनुहोस, जसले ठीक वाक्य बनाउछ।

७. पुरनो नियम हिब्रु / यूनानी भाषामा लेखिएको थियो।

८. नयाँ नियम अंग्रेजी/यूनानी भाषामा लेखिएको थियो।

९. बाइबल परमेश्वरको बचन सम्मिलित छ/हो।

१०. भविष्यवक्ता र चेलाहरूलाई परमेश्वर द्वारा बाइबलको वचनहरू लेख्ने अनुमति / प्रेरित भएको थियो।

११. बाइबलमा केही गल्ती छ/ गल्तीहरू सम्मिलित छैन।

(पेज नं ५८ मा हेरी तपाईको उत्तर जाँच्नुहोस।)

?

पेज नं ३२-३४ को उत्तरहरू: ९. एक, परमेश्वर; १०. लेखे; ११. क्रियापदिय स्वासप्रस्वास; १२. शव्द, परमेश्वर; १३. हो; १४. छैन; १५. सत्य।



*पवित्र आत्माले येशूको मित्रहरूलाई परमेश्वरको प्रेम अरूहरूलाई भन्ने शक्ति दिनुभयो।*

*अध्याय चार*

# मैले बाइबल कसरी प्रयोग गर्ने?

कुनै ठूलो शहरमा पुग्नलाई तपाईले सडक को नाम र निश्चित भवनको नाम थाहाँ पाउँन आवश्यक छ। एक पटक तपाईले सड़कको नाम र निश्चित भवनहरू भएको ठाँउ थाहा पाउनु भयो, भने जीवन अलिक सजीलो हुन्छ।

बाइबलमा पनि यस्तै सत्य छ। पछिल्ला पाठहरूमा तपाईले बाइबलको बारेमा महत्वपूर्ण कुरा र जानकारी बारे पढ़नुभयो। यस पाठमा हामी तपाईलाई कसरी तपाईले यो ठूलो पुस्तकमा

तपाईको मार्ग पत्ता लगाउने भन्ने बारेमा सिकाउनेछौ। यस पाठको अध्ययन गरि सकेपछि तपाई तलका कुरामा योग्यको हुनुहुनेछ।

* बाइबलका पुस्तकहरू पत्ता लगाउनको लागी सूचीपत्र प्रयोग गर्ने।

अनि

* बाइबल सम्बन्ध द्वारा जान्न कसरी अध्याय र पदहरूको पता लगाउने?

जब तपाई बाइबलको पन्नाहरू खोल्नु हुन्छ, तपाई बाइबलको पन्नाको सबै भन्दा माथी **सूचीपत्र** पाउनुहुन्छ र त्यस भन्दा तल बाइबलका पुस्तकहरूको सूची। तपाईको बाइबलमा अर्कोपेजमा (४१) दिईएको जस्तै **सूचीपत्र** छ, तपाई सधै बाइबल पढ्नु अधी यस पेजलाई नयालेर हेर्नुहोस।

येशू जन्मनु भन्दा पहिले लेखिएका पुस्तकहरूको सुची पहिले राखिएको छ। पुरानो नियमका ३९ वटा पुस्तकहरूको नाम पढ्नुहोस। केही पुस्तकहरूको नाम अनौठो लाग्न सक्छ। केही पुरानो नियमका पुस्तकहरूको नाम भविष्यवक्ताहरूको नाम बाट राखिएक छन्, जसले यी पुस्तकहरू लेखे। उदाहरणको लागी यशैया भविष्यवक्ताले यशैयाको पुस्तक लेखे। अरू पुस्तकहरूको नाम, त्यस पुस्तकमा जे छ त्यसको आधारमा राखिएको छ। "उत्पत्ति" शब्दको अर्थ सुरूआतमा भन्ने हुन्छ।

# सूचीपत्र

*पुरानो नियम*


| | | | |
|---|---|---|---|
| उत्पत्ति | 1 | उपदेश | 708 |
| प्रस्थान | 55 | श्रेष्टगीत | 719 |
| लेवी | 99 | यशैया | 726 |
| गन्ती | 134 | यर्मिया | 807 |
| व्यवस्था | 184 | विलाप | 882 |
| यहोशू | 225 | इजकिएल | 890 |
| न्यायकर्त्ता | 254 | दानिएल | 945 |
| रूथ | 281 | होशे | 962 |
| १ शमूएल | 285 | योएल | 974 |
| २ शमूएल | 320 | आमोस | 979 |
| १ राजाहरू | 350 | ओबदिया | 988 |
| २ राजाहरू | 386 | योना | 990 |
| १ इतिहास | 422 | मीका | 993 |
| २ इतिहास | 459 | नहूम | 1001 |
| एज्रा | 498 | हबकूक | 1004 |
| नहेम्याह | 511 | सपन्याह | 1008 |
| एस्तर | 529 | हाग्गै | 1012 |
| अय्यूब | 538 | जकरिया | 1014 |
| भजनसंग्रह | 576 | मलाकी | 1024 |
| हितोपदेश | 673 | | |


*नया नियम*


| | | | |
|---|---|---|---|
| मत्ती | 1029 | १ तिमोथी | 1255 |
| मर्कूस | 1065 | २ तिमोथी | 1260 |
| लूका | 1087 | तितस | 1264 |
| यूहन्ना | 1125 | फिलेमोन | 1266 |
| प्रेरितहरू | 1153 | हिब्रु | 1267 |
| रोमी | 1188 | याकूब | 1279 |
| १ कोरिन्थी | 1204 | १ पत्रुस | 1283 |
| २ कोरिन्थी | 1219 | २ पत्रुस | 1288 |
| गलाती | 1229 | १ यूहन्ना | 1291 |
| एफिसी | 1235 | २ यूहन्ना | 1295 |
| फिलिप्पी | 1241 | ३ यूहन्ना | 1296 |
| कलस्सी | 1245 | यहूदा | 1297 |
| १ थिस्सलोनिकी | 1249 | प्रकाश | 1299 |
| २ थिस्सलोनिकी | 1253 | | |

"उत्पत्तिको" पुस्तकले हामीलाई पृथ्वीको सुरूआत, मानिसको सुरूआत र परमेश्वरका विशेष जनको बारेमा बताउछ।

१. तपाईको अनुमानमा पुरानो नियमको "योएलको" पुस्तक ......................... भविष्यवक्ताले लेखे।

२. इस्राएलका केटाकेटीहरूको मिश्रबाट प्रस्थानको कथा बाइबलको सुरू तिर पाईन्छ, तपाई अनुमान गर्न सक्नुहुन्छ? पुरानो नियमको कुन पुस्तकमा यो कथा पाइन्छ?

..................................................................

(पेज नं ४४ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

फेरी सूचीपत्रमा हेर्नुहोस। नयाँ नियमक पुस्तकहरू पढ़नुहोस। सम्झिराख्नु होस सबै पुस्तकहरू येशूको जन्म भए पछि लेखिएका हुन्। केही पुस्तकहरूको नाम ती मानिसहरूको नाम बाट राखिएको छ, जसले ती पुस्तकहरू लेखे। नयाँ नियमको पहिलो पुस्तकको नाम मत्ती हो। येशूको चेला मत्तीलो यो लेखे।

३. नयाँ नियमको यूहन्नाको सुसमाचार .................... नामको चेलाले लेखे।

४. नयाँ नियमको तेस्रो पुस्तक .................. नामको चेलाले लेखे।

(तपाईको उत्तर पाउँन सूचीपत्र अर्न्तगत हेर्नुहोस)

(पेज नं ४४ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

नयाँ नियमका केही पुस्तकहरूको नाम जसलाई ती पुस्तकहरू वा पत्रहरू पठाइएको थियो, तिनीहरूको नाम द्वारा राखिएको छ। उदाहरणको लागी गलातीको पुस्तक एउटा पत्र हो, जुन पावल नामको ईसाई मानिसले गलातीमा बस्ने मानिसहरूको समूहलाई लेखेका थिए।

५ के तपाई पत्ता लगउनु सक्नु हुन्छ रोममा बस्ने ईसाईहरूको निम्ति पावलद्वारा लेखेका पत्र? ..............................

६. शिक्षक तिर हेरर, तपाई पत्ता लगाउन सक्नु हुन्छ नयाँ नियमको कति वटा पुस्तकहरू चेला पत्रस द्वारा लेखियो होला? ......................................................

(पेज नं ४४ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

फेरी एकपटक सूचीपत्र हेर्नुहोस। यदि तपाईले ध्यानपूर्वक हेर्नुभयो भने केही पुस्तकहरूको नामको अघाडी अंक रहेका छन्। पुरानो नियममा उदाहरणको लागी १ शमूएल, २ शमूएल आदि। शमूएलको पुस्तक धेरै लामो छ, त्यस कारण यो दुई भागमा बाड़िएको हो। हामी ती दुई भागलाई "पहिलो शमूएल" र "दोस्रो शमूएल" भन्दछौ।

अब नयाँ नियम को सूचीपत्र हेर्नुहोस। यहाँ पनि केही पुस्तकको नामको अघाडी अंक छ। तपाईले १ थिस्सलोनिकी र २ थिस्सलोनिकी पाउनसक्नु हुन्छ। यो पुस्तक ठूलो भएर दुई भागमा

बाड़िएको होईन्। ती दुईवटा फरक पत्रहरू हुन्। जुन पावलले थिस्सलोनिकीमा भएका मण्डलीहरूलाई लेखेका हुन्। यसकारण नयाँ नियममा "पहिलो थिस्सलोनिकी" र "दोस्रो थिस्सलोनिकी" छन्।

? पेज नं ४२-४३ को उत्तरहरू: १ योएल; २. प्रस्थान; ३. यूहन्ना; ४. लूका; ५. रोमीहरू; ६. २, (१ पत्रुस, र २ पत्रुस)

७. पुरानो नियममा १ राजाहरू र २ राजाहरू नामका पुस्तकहरू छन्।

राजाहरू नामको पुस्तक धेरै लामो भएकोले यो .................. भागमा ......................... गरियो।

८. नयाँ नियममा १ यूहन्ना २ यूहन्ना र ३ यूहन्ना नामका पुस्तकहरू छन्। तिनीहरू यूहन्नाले लेखेका अलग अलग .... हुन्।

(पेज नं ४६ को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

धेरै वर्ष पछि बाइबल लेखिएको थियो यो अध्याय र पदहरूमा बिभाजित गरियो। अध्यायमा प्राय जसो बाइबलको धेरै वाक्यहरू र एक वा एक भन्दा बढी पेज सम्मिलित हुन्छ। प्रत्येक अध्यायससाना खण्डहरूमा विभाजित हुन्छ जसलाई पद भनिन्छ। पदहरू प्राय जसो एक बाक्य जति लामो हुन्छ।

सायद तपाइले ईसाईहरूले यस्तो भनेको सुन्नु भएको होला: "बाइबलको मलाई मनपर्ने भाग यूहन्नाको तीन अध्यायको सोह्र पद हो।" अथवा यूहन्ना ३:१६ यसरी लेखिएको देख्नु भएको होला। उनिहरू यूहन्नाको पुस्तक ३ अध्यायको १६ पदको बारेमा कुरा गर्दै हुनुहुन्छ। जब बाइबलको खण्डको सर्न्दभ देखाउनु पर्दछ, पहिले बाइबलको पुस्तक, अध्यायको अंक, अर्ध बिराम (:) अनि मात्र पद संख्या लेखिनु पर्दछ। जस्तै यूहन्ना ३:१६

९. बाइबलका पुस्तकहरू जुन ठूलो खण्डमा विभाजित छन्, जसलाई ..................... भन्दछन्।

१०. खण्डहरू जुन ससानोमा बिभाजित छन्, जसलाई
...................... भन्दछन्।

११. जब कुनै व्यक्तिले अर्को व्यक्तिलाई बाइबलमा कुनै कुरा छ भनि बताउन, बाइबलको .................. पहिले दिईएको हुन्छ, जुन ...................... द्वारा जनाईएको हुन्छ र अर्ध बिराम अनि ...................... संख्या।

(पेज नं ४९ को सवभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

जव तपाईहरूले बाइबल पदनुहुन्छ अध्याय संख्या ठूलो गरी छापेको हुन्छ। पद संख्या अलिक सानो छापेको हुन्छ। पेज नं ४७ र ४८ हामीले बाइबल वाट दुईवटा पेज हरू छापेको छौ। हेश्यार संग यो पेजलाई हेनुहोस।

| ? | पेज नं ४५ को उत्तरहरू: ७ विभाजित, दुई; ८. पत्रहरू |
|---|---|

## मर्कूस ३:३५-४:१२

३५ किनकि जसले परमेश्वरको इच्छा पालन गर्दछ, त्यो नै मेरो
भाइ र मेरी बहिनी र मेरी आमा हुन्।

**बीउँ छर्नेको दृष्टान्त**

४ पछिबाट फेरी समुद्रको किनारामा उहाँले शिक्षा दिन लाग्नु
भयो। उहाँका चारै पट्टि भीड़ यति ठूलो भयो कि उहाँ समुद्रमा
भएको एउटा डुङ्गमा चड़नु भयो र त्यसैमा बस्नुभयो। मानिसहरूचाहि
समुन्द्रको किनाराका पाखामा बसेका थिए। २अनि उहाँले तिनीहरूलाई
दृष्टान्तहरूमा धेरै कुरा सिकाउनु भयो।

उहाँले आफ्नो शिक्षामा तिनीहरूलाई यसो भन्नुभयो: ३"सुन हेर!
एक जना बीउँ छर्ने मानिस बीउँ छर्नलाई निस्कयो। ४अनि छर्दाखेरि
केही बीउँ बाटो तिर परे, र ती बीउँ चराचुरूङ्गीले आएर खाईहाले।
५केही बीउँ ढुंगेनि ठाउँमा परे, जहाँ धेरै माटो थिएन् र माटोको
गहिराई नहुनाले ती छिट्टै उम्रे।

६घाम निकै चर्केपछि टुसाहरू डढिहाले। जरा नलागेकोले ती
ओइलिहाले। ७केही बीउँचाही काँड़ाहरूका बिचमा परे। काँढाहरू बढे र
बोट निसासिए अनि तिनमा फल लागेन। ८तर केही असल जमीनमा
परे र उम्रदै र बढदै गएर तीस गुणा, साठी गुणा र सय गुणा फल
दिए।" ९अनि उहाँले भन्नुभयो, जसको सुन्ने कान छ, त्यसले सुनोस।
१०जब जहाँ एक्लै हुनुभयो, तब बाह्र जना चेलाहरू उहाँको वरिपरी
भएकाहरूले उहाँलाई दृष्टान्तको विषयमा सोधे। ११उहाँले तिनीहरूलाई
भन्नुभयो, "परमेश्वरको राज्यको रहस्य तिमीहरूलाई दिईएकोछ। तर
बाहिरकाहरूलाई भने सबैकुरा दृष्टान्तमा भनिन्छन्। १२कि तिनीहरू हेर्न
त हेर्छन,

"'तर देख्दैनन्। सुन्न त सुन्छन्,
तर बुझ्दैनन्।
नत्रता तिनीहरूले पश्चाताप गर्नेथिए
र तिनीहरूको पाप क्षमाहुने थियो!'"

*यशैया ६:९,१०*

## मर्कूस ४:१३-२३

१३उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू यस दृष्टान्तको अर्थ
बुझ्छैन? त्यसो भए अरू सबै दृष्टान्तहरूका अर्थ कसरी बुझ्नेछौ?
१४बीउँ छर्नेले बचन छर्दछ। १५कोही मानिसहरू बाटोतिर छरिएका बीउँ
जस्तै छन्, जब तिनीहरूले बचन सुन्छन्, तब तुरून्तै शैतान आउँछ र
तिनीहरूमा छरिएको बचन लगिहाल्छ। १६त्यसैगरि ढुँगोनि ठाउँमा
छरिएकाहरू यो नै हुन्, जसले जब बचन सुन्छन्, तब खुशी साथ
तुरून्तै यी ग्रहण गर्छन्। १७तर तिनीहरूको आफ्नो जरा नलागेकोले
तिनी थोरै बेर मात्र टिक्छन्, तर जब बचनको कारण संकष्ट वा
सताबट आउदछ तिनीहरू तुरून्तै लडिहाल्छन्। १८काँढाहरूका बिचमा
छरिएका ती नै हुन्, जसले बचन सुन्छन्। १९तर यस संसारको फिक्री
र धनको मोह र अरू थोकको लालच आएर बचनलाई निसासीदिन्छन्,
ती फलवन्त हुदैनन्। २०तर असल जमिनमा छरिएकाहरू ती हुन्,
जसले बचन सुन्छन् र ग्रहण गर्छन् र फल दिन्छन्। तीस गुणा,
साठीगुणा र सय गुणा।"

### सामदानमाथि बित्ती

२१उहाँले तिनीहरूलाई भन्नुभयो, "के कसैले बत्ती बालेर पाथीमुनि
र खाटमुनि राख्न भनेर भित्र ल्याउँछ? के सामदानमाथि राख्न भनेर
होईन र। २२कुनै थोक लुकाएर राख्न सकिदैन जो प्रकट गरिने छैन,
अनि कुनै थोक गुप्त छैन सो प्रकाशमा ल्याइने छैन। २३यदि कुनै
मानिसको सुन्ने कान छ भने त्यसले सुनोस्।"

१२. पेज नं ४७ र ४८ को संख्या मुनि तिर धर्को तान्नु होस जसले एउट अध्यायको सुचित गर्छ।

१३. पद जनाउने संख्याहरूमा गोलो धर्को लगाउनुहोस।

१४ त्याहि पद प्रयोग गरेर ठीक पदहरू हेर र खालीठाउँ भरः

क. मर्कूस ४:८ तर केही बिउँ असल .................. र
......................... र............................. गएर
..............................., ...........................र
......................... फल दिए।

ख. मर्कूस ४:३ "सुन्! हेर एक जना ........................... छर्न
लाई निस्कयो।"

ग. मर्कूस ४:१० जव, उहाँ एक्लै ......................., तव
बाहजना चेलाहरू र ...................... उहाँलाई दृष्टान्तको
बिषयमा .........................।

१५. बाइवलमा कुनै खण्ड पत्ता लगाउन पहिले पुस्तक अनि अध्याय र अतंमा .................. पत्ता लगाउनु पर्दछ।

(पेज नं ५० को सबभन्दा तल हेरी तपाईको उत्तर जाँच्नुहोस।)

| ? | पेज नं ४५-४६ को उत्तरहरूः ९. अध्यायहरू; १०. पदहरू; ११. पुस्तक, अध्याय, पद। |
|---|---|

कहीले काही बाइबलका पुस्तकहरूको नाम छोट्याईएको वा छोटकरीमा लेखिएको हुन्छ। मत्तीलाई "मत्तीमा" छोट्याईको हुन्छ। यशैयालाई "यशै." बनाइएको हुन्छ। यसरी "यूह." ३:१६ को मतलब यूहन्नाको पुस्तक तीन अध्याय को १६ पद भन्ने हुन्छ।"

तल केही पुस्तकहरूको नाम र छोटकरी नाम दिईएको छ, अर्को पेजमा अभ्यास गर्न तलको सुचीको प्रयोग गर्नुहोस:

**केही छोटकारीमा चलएको बाइबलको पुस्तकहरू :**

| *पुरानो नियम* | | *नयाँ नियम* | |
|---|---|---|---|
| उत्त. | = उत्पति | मती. | = मती |
| प्रस. | = प्रस्थान | मर्क. | = मर्कूस |
| गन्ती | = गन्ती | लूक. | = लूका |
| १ शमू. | = १ शमूएल | यूह. | = यूहन्ना |
| २ इति. | = २ इतिहास | रोम | = रोमी |
| भज. | = भजनसंग्रह | फिलि. | = फिलिप्पी |
| यशै. | = यशैया | २ तिमो. | = २ तिमोथी |

?

पेज न ४९ को उत्तरहरू : १२. ठूलो माथि धर्को तान्नु ४; १३. सबै संख्याहरूमा गोलो धर्को लगाउनु पंछ ती मध्येको ठूला र पेज र छेडेर। १४ क) जमिन, उम्मेद, फल; ख) कृषक, बीउँ; ग) एक्लै, सेध्ये; १५. पक्षहरू।

१६. मती. ५:६ को मतलबः ...................... पुस्तकको,
...................... अध्याय ........................ र
........................... पद हो।

१७. २ तिमो. १:३ को मतलब : ........................ पत्रको
........................... अध्याय ............................
पद...................।

१८. उत. ३:१५ को मतलबः ...................... पुस्तकको
........................ अध्याय र ...................... पद हो।

तल का सन्दर्भहरूलाई छोटकरीमा लेखः

१९. फिलिप्पीको पुस्तक ४ अध्याय २ पद ..................

२०. दोस्रो इतिहासको पुस्तक ५ अध्याय ५ पद ...................

२१. मर्कूसको सुसमाचार १० अध्याय १३ पद.......................

(पेज नं ५२ को सबभन्दा तल हेरी तपाईंको उत्तर जाँच्नुहोस।)

# अध्याय चार को समालोचना

बाइबलको प्रथम पान्नामा ६६ पुस्तकको क्रम अनुसारको सूचीपत्र पाईन्छ। केही पुस्तकहरूको नाम लेखकको नाम बाट राखिएको छ। कुनै पुस्तकहरूको नाम, पुस्तकमा जे छ त्यसको आधारमा राखिएकोछ। केही पुरानो नियमका पुस्तकहरूको नामको अघाडी संख्या छ, किनभने ती पुस्तक धेरै लामो भए दुई भागमा बिभाजित गरिएको छ। केही नयाँ नियमका पुस्तकहरूको अघाड़ी पनि संख्याहरू छ, किनभने एउटै व्यक्तिले बिभिन्न पत्रहरू एउटै मण्डली वा व्यक्तिलाई लेखेको पत्र भएको हुनाले यसो गरिएको हो।

प्रत्येक पुस्तक अध्यायमा बिभाजित छ र प्रत्येक अध्याय पद हरूमा बिभाजित गरिएको छ। धेरैजसो पदहरू एक वाक्य जति लामो हुन्छन्। बाइबलमा निश्चित वाक्य चिनाउन हामी पुस्तकको नाम, अध्याय र पदको नाम, अध्याय र पदको नाम लेखन सक्छौ (यूहन्ना ३:१६)। यसले हामीलाई बाइबलमा छिट्टै वाक्यहरू पत्ता लगाउन मद्धत गदर्छ।

| ? | पेज नं ५१ को उत्तरहरू: १६. मति, ५,६; १७. दोस्रो तिमाथी; १,३ १८. उत्पत्ति, ३,१५; १९. फिलि. ४:२; २०. २ इति. ५:५; २१. मर्कू. १०:१३। |
|---|---|

# अध्याय चारको जाँच

तपाई जव यो जाँच पूरा गर्न थाल्नुहुन्छ, बाइबलमा भएको वा यस पुस्तकमा भएको सूचीपत्र प्रयोग गर्न सक्नुहुन्छ।

तल दिईएको खालीठाउमा "पुरानो नियम", "नयाँ नियम", र बाइबलमा छैन्, मध्य ठिक उत्तर छानेर लेख्नुहोस।

१. ................................ मर्कूस

२. ................................ प्रकाश

३. ................................ यशैया

४. ................................ भजनसंग्रह

५. ................................ उत्पत्ति

६. ................................ कुरान

७. ................................ १ कोरिन्थी

८. ................................ यहूदा

९. ................................ मलाकी

१०. ................................ मोर्मन

११. ....................................  हितोपदेश

१२. ....................................  रोमी

तलका बाइबलका खण्डको सन्दर्भ लेख:

१३. तीतसको पुस्तक, २ अध्याय १४ पद

.......................................

१४. हिब्रूको पुस्तक, ११ अध्याय ६ पद

.......................................

१५. इतिहासको पहिलो पुस्तक, २९ अध्याय ११ पद

.......................................

१६. लेवीहरूको पुस्तक २३ अध्याय ३ पद

.......................................

१७. प्रेरितहरूको पुस्तक, ४ अध्याय २० पद

.......................................

(पेज नं ५८ मा हेरी तपाईको उत्तर जाँच्नुहोस।)

# ७२ शब्दकोष

*(तपाईले थाहा नपाएका शब्दहरूको सुची।)*

**छोट्टायाइएको** छोटकरीमा लेखिएको।

**प्रेरितहरू** येशूका चेलाहरूको अर्को नाम

**परिणामस्वरूप** नतिजाअनुसार

**बर्णन** कुनै कुराको बारेमा कस्तो छ भन्ने बढी जानकारी दिनु।

**चेलाहरू** येशूमा बिश्वास गरेर उहाँको पछि लाग्नेहरू

**बिभाजित** दुई वा बढ़ी भागमा बाड़िएको

**भाग** अंश वा कुनै बस्तुको एक टुका

**पत्र** चिट्ठी

**सुसमाचार** १. येशूको जीवन कथाको बारेमा चारवटा पुस्तकहरू

**सुसमाचार** २. परमेश्वरले हामीहरूलाई बचाउन जे गर्नुभयो त्यसको बारेमा असल समाचार।

| | |
|---|---|
| **इतिहास** | बितेका समयका तथ्यहरूको संग्रह |
| **परिचितगर्नु** | केही कुरा को बारेमा चिनाउनु वा प्रमाणित गर्नु। |
| **अनैतिक** | गलत वा पापपूर्ण |
| **अशुद्ध** | फोहर र खराब बस्तु |
| **प्रेरित** | स्वासप्रस्वासमा हुनु |
| **विवरण** | निश्चित प्रकारका बस्तु |
| **काव्यशास्त्र** | मित र कविता |
| **भविष्यवक्ता** | त्यो मानिस जस द्वारा परमेश्वर बोल्नुहुन्छ। |
| **प्रकासित** | किताबको रूपमा छाप्नु |
| **ढल** | दिशा पिसाब निस्कासन गर्न बनाइएको नली |
| **क्रियापदिय** | शब्द शब्दहरू |

# ०२ समाप्ति

बधाई छ! अब तपाईले बाइबल हस्तपुस्तिकाको अध्ययन पुरा गर्नु भएकोछ। तपाईले यो पुस्तिका अध्ययन गरेर अघाडीको भन्दा केही जानकारी पाउनु भयो होला। तर हामी आशा गर्दछौ, तपाईलाई परमेश्वरले दिनुभएको अचम्मको पुस्तक बाइबलको बारेमा अझ बढी जान्नुभयो होला। तपाईले यसलाई कति धेरै पढनु भयो, यसको कुनै अर्थ छैन्। सधै अझै बढी सिक्ने हुनुपर्दछ। हामी आशा गदछौ, तपाईको यस सानो पुस्तिकाको अध्ययनले "ठूलो पुस्तक" अध्ययन गर्न सहायता भएको होस।

# ०२ अध्याय परिक्षाको उत्तरहरू

**अध्याय एकः (पेज नं १४-१५)**

१. पेज ७ र १० मा भएका चित्रहरू हेरी उत्तर जाँच्नुहोस;

२. पुरानो नियम; ३. नयाँ नियम; ४. काव्यशास्त्र; ५. इतिहास; ६. सुसमाचार; ७. भविष्यवक्ता; ८. पत्रहरू

**अध्याय दुईः (पेज नं २६-२७)**

१. व्यवस्था, सुसमाचार; २. ख;

३. क; ४. ख; ५. ख; ६. व्यवस्था; ७. सुसमाचार; ८. सुसमाचार; ९ व्यवस्था; १०. सुसमाचार

**अध्याय तीनः (पेज नं ३६-३७)**

१ क्रियापदिय - ख. शब्द पछि शब्द; २. प्रेरित - घ. स्वासप्रस्वास;

३. चेलाहरू - ती मानिसहरू जसले नयाँ नियम लेखे;

४. परमेश्वर - सम्पूर्ण बाइबलको लेखक;

५. परमेश्वरको - वचन बाइबलको अर्को नाम;

६. भविष्यवक्ता - ती मानिसहरू जसले पुरानो नियम लेखे;

७. हिब्रू; ८. यूनानी; ९. हो; १०. स्वासप्रस्वासित; ११. होइन

**अध्याय चारः (पेज नं ५३-५४)**

१. नयाँ नियम; २. नयाँ नियम;

३. पुरानो नियम; ४. पुरानो नियम;

५. पुरानो नियम; ६. बाइबलमा छैन्;

७. नया नियम; ८. नयाँ नियम;

९. पुरानो नियम; १०. बाइबलमा छैन्; ११. पुरानो नियम;

१२. नयाँ नियम; १३. तीतस २:१४;

१४ हिब्रू ११:६; १५. १ इतिहास (अथवा १ इति.) २९:११;

१६. लेवीहरू (अथवा लेवी) २३:३; १७. प्रेरित ४:२०

# ८१ अन्तिम परिक्षा

एक चोटी फेरी पुस्तकमा हेर्नुहोस, र अध्यायको जाँचमा तपाईले कुनै गल्ती गर्नुभएको, हुन सक्छ जाच्नुहोस। प्रत्येक अध्यायको सुरूमा पाठकालक्ष्यहरू (ताराले संकेत गरेको)* हेर्नुहोस। जब तपाईलाई सबै लक्ष्यहरू थाहाँछ भन्ने निश्चित हुन्छ, अब तपाई यो जाँच दिन त्यार हुनुहुन्छ।

यो अन्तिम जाँच पुस्तक नहेरेर नै पुरा गर्नु होस। जब तपाईले यसलाई पुरा गर्नु हुन्छ यो जाँच त्यो व्यक्तिलाइ दिनुहोस, जसले तपाईलाई यो पुस्तक दियो अथवा पुस्तकको पछाडी भएको ठेगानामा पठाई दिनुहोस। यदि तपाईले अरू बाइबल अध्ययन श्रेणी का पुस्तकहरू पनि माग्न सक्नुहुन्छ।

जब तपाई तयार हुनुहुन्छ, जाँच भएको पेजलाई पुस्तकबाट अलग गर्नुहोस र पुस्तक नखोलेर नै जाँच पुरा गर्नुहोस।

# ८२ बाइबल हस्तपुस्तिकाको अन्तिम

तल दिइएका कथनहरूको अघाडी :

**पुरानो नियमको** बारेमा हो भने पु. नि.

**नयाँ नियमको** बारेमा हो भने न. नि.

**दुबै पुस्तकको** बारेमा हो भने दुबै लेख्नुहोस।

१. .................. येशू जन्मनु भन्दा अघाडी ३९ वटा पुस्तकहरू लेखिए

२. .................. ले उद्धारको असल समाचार सिकाउछ।

३. .................. ले परमेश्वरको व्यवस्थाको बारेमा सिकाउछ।

४. .................. "भविष्यवक्ता" द्वारा लेखिएको हो।

५. .................. येशूका चेलाहरू अथवा प्रेरितहरू द्वारा लेखिएको हो।

६. .................. हिब्रू भाषामा लेखिएकोहो।

७. .................. यूनानी भाषामा लेखिएको हो।

८. .................. २७ वटा पुस्तकहरू येशूको जन्म भए पछि लेखिएका हुन्।

९. ..................मा पावलले लेखेको १ कोरिन्थीको एउटा पत्र सम्मिलित छ।

१०. .................मा येशू पृथ्वीमा रहनुभन्दा १००० बर्ष अघाडीको इस्राएलको बारेमा सम्मिलित छ।

११. .................तलका वाक्यहरू पूरा गर्नुहोस।

यस वाक्यलाई पूरा गर्नुहोस:

१२. ......................... अल्मारीको तीन खण्डमा भएका पुरानो नियमका ....................... र पुस्तकहरू सम्मिलित छन्।

१३. अर्को अलमारीको तीन खण्डमा भएका नयाँ नियमका .............................., ................................ र ............................ पुस्तकहरू सम्मिलित छन्।

१४. बाइबलको पुस्तक विभिन्न मानिसहरूले लेखेता पनि, बाइबलको खास लेखक ......................... हुनुहुन्छ।

१५. हामी बाइबललाई क्रियापदिय स्वासप्रस्वास हो, भन्दछौ। किनभने परमेश्वरले लेखकहरूमा उहाँले चाहनुभएको प्रत्येक .............................

१६. बाइवल .............................. रहित छ।

१७. बाइबलका मुख्य शिक्षाहरू .................................. र
   ........................ हुन्।

१८. परमेश्वर हामीले गरेका ............................
देखाउनलाई उहाँको व्यवस्था बाइबलमा राख्नुभयो।

१९. परमेश्वरले हामीलाई हाम्रो .......................... देखाउन
   सुसमाचारलाई बाइबलमा पर्दशित गर्नुभयो।

२०. यूहन्ना ३:१६ ले बाइबलको ...................... पुस्तक,
   तीन ............................... र सोह
   ........................ जनाउँछ।

बाइबलमा तलका कुराहरू जुन पुस्तकमा पाइन्छन्, धर्को तानेर जोडा मिलाउः

| | |
|---|---|
| २१. पुरानो नियमको भविष्यवाणीहरू | मर्कूस |
| २२. नयाँ नियमको भविष्यवाणीहरू | उत्पत्ति |
| २३. संसारको शुरू | भजनसंग्रह |
| २४. परमेश्वरको बारेमा स्तुतीगान | यशैया |
| २५. येशूको जीवनकथा | प्रकाश |

कृपया तल खाली ठाउमा तपाईको नाम र ठेगाना **लेख्नुहोस**।

**नाम :** ............................................................................

**ठेगाना :** ..........................................................................

.......................................................................................

.......................................................................................

.......................................................................................

कृपया यस पुस्तिकाको बारेमा तपाईको मन्तव्य लेख्नुहोस।

.......................................................................................

.......................................................................................

.......................................................................................

.......................................................................................

.......................................................................................

Multi-Language Productions
Bringing the Word to the World

**A Bible Handbook-Nepali**
**Bible Teachings Series**
**MLP Catalog Number: 387431**